नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१/०६/०७ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि तीन वटा अनुगमन टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.स. | मिति | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/०६/०७ | गौतम स्विट्स, काठमाडौं-२५, न्युरोड | पसलको सरसफाईको अवस्था सामान्य रहेको। | व्यक्तिगत सरसफाईमा ध्यान दिन, तेलको बारम्बार प्रयोग नगर्न र कृतिम रङ्गको प्रयोग मापदण्ड बमोजिम मात्र गर्न निर्देशन दिएको। |
| २ | २०८१/०६/०७ | स्वस्तिक स्विट्स एण्ड स्नाक्स प्रा.लि.,काठमाडौं-२४, इन्द्रचोक | सरसफाई सन्तोषजनक नरहेको, Pest Control को पर्याप्त व्यवस्था नभएको। | Pest Control को पर्याप्त व्यवस्था गर्न, सरसफाईमा ध्यान दिन, र उचित तवरले कृतिम रङ्गको प्रयोग गर्न निर्देशन दिएको। |
| ३ | २०८१/०६/०७ | कर्नर ताजा गुदपाक भण्डार, काठमाडौं-२२, न्यूरोड | पसलको सरसफाईको अवस्था सामान्य रहेको। Pest Control को पर्याप्त व्यवस्था नभएको । | Pest Control को पर्याप्त व्यवस्था गर्न निर्देशन दिएको। |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८१/०६/०७ | प्रशंसा कलेक्शन एण्ड रिफाईन प्रसोधन केन्द्र, गोदावरी न.पा.-११, ललितपुर | वनस्पति घ्युलाई खिया लागेको ड्रममा तताएर जुजु घ्यू शुद्ध घ्यूको नाममा १/२ लि.,को ७२ डब्बा नक्कली घ्यू, १५० ग्रामको १०० डब्बा नक्कली घ्यू शिलबन्दी गरिएको। | शिलबन्दी गरिएका नक्कली घ्यू स्थानीय तहका प्रतिनिधिको रोहवरमा नष्ट गरिएको। |
| ५ | २०८१/०६/०७ | मेहता स्टोर, मध्यपुर ठिमी न.पा.,३-भक्तपुर | उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ अव्यवस्थित रुपमा राखिएको, खाद्यान्न भण्डारण गर्दा pallet को प्रयोग नभएको। | उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थलाई छुट्टै ठाउँमा व्यवस्थापन गर्न तथा खाद्यान्न भण्डारण गर्दा pallet को प्रयोग गर्न निर्देशन दिएको। |
| ६ | २०८१/०६/०७ | श्री शुभ लक्ष्मी जनरल स्टोर, मध्यपुर ठिमी न.पा., ५-भक्तपुर | संयुक्त अनुगमनका क्रममा मूल्यसूची व्यवस्थित रुपमा नराखिएको र व्यवसाय सम्वन्धी कागजातहरु चुस्त दुरुस्त नरहेको। | मूल्यसूचीलाई सेवाग्राहीले देखिने गरी व्यवस्थित रुपमा राख्न तथा व्यवसाय सम्वन्धी कागजातहरु चुस्त दुरुस्त राख्न निर्देशन दिएको । |

मोहन कृष्ण महर्जन
प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०६/०७